# आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९

(राष्ट्रिय योजना आयोगको मिति २०७९/११/१७ को बैठकबाट स्वीकृत)

राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं।

## पृष्ठभूमि

योजनाबद्ध विकास प्रणालीको सात दशक लामो अवधि व्यतित भैसक्दा पनि विकास आयोजनाको पहिचान र छनौट स्पष्ट मापदण्डमा आधारित हुन नसक्नु तथा आयोजनाको आवश्यक पूर्वतयारी बिना नै बजेट विनियोजन गरी कार्यान्वयनमा लैजानुले आयोजना कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। तोकिएको समय र लागतमा निर्माण सम्पन्न गर्न आयोजनाको पहिचान, विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरण प्रक्रियालाई बस्तुगत मापदण्डमा आधारित बनाउने प्रयोजनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा आयोजना बैंकको व्यवस्था गरिएको छ। सोही दफाको उपदफा (३) ले आयोजना बैंकमा योजना आयोगले तोकेको मापदण्डको आधारमा रही सम्बन्धित मन्त्रालयले आयोजना प्रविष्टि गराउनु पर्ने व्यवस्था गरेको छ। तथ्यमा आधारित नीति र योजना निर्माण गर्ने, आवश्यकता एवम् महत्वका आधारमा आयोजनाको छनौट र प्राथमिकीकरण गर्ने र सीमित स्रोतको विनियोजन कुशलता, आयोजना प्रशासनमा दक्षता तथा विकास व्यवस्थापनमा प्रभावकारिता हासिल गर्ने उद्देश्यका साथ आयोजना बैंकको अवधारणा विकास भएको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले गरेको व्यवस्था अनुरुप राष्ट्रिय आयोजना बैंकको स्थापना र सञ्चालन गरी आयोजनाको विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरणलाई वस्तुगत बनाउन सबै क्षेत्रका आयोजनालाई समेट्ने मापदण्ड निर्धारण गरी लागु गर्न राष्ट्रिय योजना आयोगले आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी एकीकृत मापदण्ड, २०७९ तर्जुमा गरेको छ।

**मापदण्डको उद्देश्यः** यस मापदण्डका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:

(क) आयोजनाको विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरणलाई वैज्ञानिक एवं वस्तुगत मापदण्डमा आधारित बनाउने,

(ख) सम्बन्धित विषयक्षेत्रगत मन्त्रालय तथा निकायहरुलाई तथ्यमा आधारित आयोजनाको विकास र छनौटका लागि आधार प्रदान गर्ने,

(ग) विभिन्न क्षेत्रका आयोजनाको तयारीको कार्यमा सामञ्जस्यता कायम गर्ने,

(घ) वित्तीय, प्राविधिक, सामाजिक तथा वातावरणीय दृष्टिले उपयुक्त एवं पूर्वतयारी सम्पन्न भएका आयोजना मात्र छनौट गरी विनियोजन दक्षता कायम गर्ने,

(ङ) आयोजना व्यवस्थापनलाई वैज्ञानिक एवम् वस्तुगत बनाई आयोजनाको प्रभावकारी कार्यान्वयन मार्फत अधिकतम प्रतिफल हासिल गर्ने।

## खण्ड क
## आयोजना तर्जुमा प्रकृया

१. **आयोजना तर्जुमा प्रकृयाका चरण तथा क्रियाकलापः** आयोजना तर्जुमाका क्रममा देहायका क्रियाकलापहरु चरणबद्ध रुपमा सम्पादन गर्नुपर्नेछः

**१.१ आयोजनाको पहिचान**

(क) आयोजना सोचको विकास
(ख) आयोजना अवधारणापत्र तर्जुमा
(ग) आयोजना अवधारणापत्रको लेखाजोखा
(घ) अवधारणापत्रको स्वीकृति

**१.२ आयोजनाको विकास**

(क) पूर्व सम्भावयता अध्ययन
(ख) सम्भावयता अध्ययन
(ग) विस्तृत अध्ययन
(घ) आयोजना प्रस्ताव तयारी

**१.३ आयोजनाको छनौट तथा प्राथमिकीकरण**

(क) आयोजनाको लेखाजोखा र स्वीकृति
(ख) आयोजनाको कार्यान्वयन तत्परता मूल्याङ्कन
(ग) आयोजनाको प्राथमिकताक्रम निर्धारण
(घ) मध्यमकालीन खर्च संरचना तर्जुमा
(ङ) बजेट तथा कार्यक्रम प्रस्ताव र छलफल
(च) बजेट तथा कार्यक्रमको मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तिम प्रविष्टि

## खण्ड ख
## आयोजनाको पहिचान

२. **आयोजना सोचको विकास प्रक्रिया:** आयोजना सोचको विकास देहाय बमोजिमको प्रक्रियावाट गर्नु पर्नेछः

**२.१ आयोजनाको आवश्यकता पहिचानः** आयोजनाको आवश्यकता पहिचान गर्दा देहायका सबै वा कुनै विषयलाई आधारका रुपमा लिन सकिनेछ:

(क) संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,

(ख) सरकारको दीर्घकालीन सोच तथा आवधिक योजना,

(ग) दिगो विकास लक्ष्य तथा नेपालले अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताहरु,

(घ) क्षेत्रगत नीति, योजना तथा रणनीति,

(ङ) नागरिक तथा जनप्रतिनिधिका माग र आवश्यकता,

(च) उपलब्ध अवसर तथा सम्भावनाहरु,

(छ) विद्यमान समस्या तथा चुनौतिहरु,

(ज) प्रादेशिक सन्तुलनको स्थिति (मानव विकास सूचकाङ्क, गरिबीको सूचकाङ्क, पूर्वाधार विकास, प्रतिव्यक्ति आय आदिको आधारमा),

(झ) राष्ट्रिय राजनीतिक दलका घोषणापत्र,

(ञ) न्यूनतम सेवाको आवश्यकता।

**२.२ विकल्पको खोजी:** पहिचान गरिएको आवश्यकतालाई सम्बोधन गर्न उपलब्ध सूचना तथा तथ्याङ्कको विश्लेषण र आवश्यक्ता आनुसार देहाय बमोजिमका सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गरी आयोजनाका सम्भावित विकल्पहरुको खोजी गर्नुपर्नेछ:

१. आयोजनाको विकास तथा कार्यान्वयनमा सरोकार राख्ने मन्त्रालय तथा निकायहरु,
२ सम्बन्धित स्थानीय तहका पदाधिकारी,
३. आयोजना क्षेत्रबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्य,
४. स्थानीय राजनीतिक दल तथा स्थानीय प्रवुद्ध वर्ग,
५. आयोजनाका लक्षित समुदाय,
६. विषय विज्ञ,
७. निजी क्षेत्र,
८. सम्बन्धित विषयका प्राज्ञिक एवं अनुसन्धानमूलक संस्था,
९. नागरिक समाज, आम सञ्चार जगत र सरोकारवाला संघ संस्था,
१०. विकास साझेदारहरु।

**२.३ विकल्पको विश्लेषण तथा छनौट:** पहिचान गरिएका विकल्पहरुको देहायका आधारमा विश्लेषण गरी तुलनात्मक रुपमा उत्तम विकल्पलाई आयोजना सोचका रुपमा छनोट गर्नुपर्नेछ:

| विश्लेषणका आधार | विकल्प १ | विकल्प २ | विकल्प ३ | कैफियत |
|---|---|---|---|---|
| (क) कार्यान्वयन योग्यता<br>• भौगोलिक तथा भौगर्भिक उपयुक्तता<br>• सामाजिक तथा वातावरणीय एवं जलवायु अनुकुलता<br>• प्राविधिक तथा वित्तीय उपयुक्तता<br>• कार्यान्वयन निकायको मौजुदा क्षमता | | | | |
| (ख) अनुमानित लागत | | | | |
| (ग) अनुमानित समय | | | | |
| (घ) लाभान्वित जनसङ्ख्या | | | | |
| (ङ) सम्भावित लाभ तथा अवसर | | | | |
| (च) सम्भावित जोखिम तथा चुनौती | | | | |
| (छ) प्राविधिक जटिलता | | | | |
| (ज) राष्ट्रिय नीति तथा प्राथमिकतासँगको तादात्म्यता | | | | |
| (झ) राष्ट्रिय लक्ष्यमा आयोजना प्रतिफलको सम्भावित योगदान | | | | |
| (ञ) दिगो विकास लक्ष्य र अतिकम विकसित मुलुकबाट स्तरोन्नतिको रणनीति कार्यान्वयनमा योगदान | | | | |
| (ट) लैङ्गिक तथा सामाजिक समावेशीकरण र समन्यायिकतामा योगदान | | | | |
| (ठ) आयोजनाको दोहोरोपना | | | | |

३. **आयोजना अवधारणापत्रको ढाँचा:** आयोजनाको अवधारणापत्र देहायको ढाँचामा तयार गर्नु पर्नेछ:

**३.१ पृष्ठभूमि:** आयोजनासँग सम्बन्धित विद्यमान अवस्था, समस्या तथा चुनौति, अवसरहरु र आयोजनाको विकास तथा कार्यान्वयका उद्देश्य एवं औचित्य र आयोजना आवश्यकता पहिचानका आधारहरु।

**३.२ आयोजनाको सामान्य विवरण**

(क) आयोजनाको नाम:

(ख) आयोजना कार्यान्वयन स्थल:

(ग) आयोजनाको वर्गीकरण (आयोजना वर्गीकरणको आधार तथा मापदण्ड अनुसार)

अ. क्षेत्रगत आधारमा (क्षेत्र र उपक्षेत्र):

आ. तहगत आधारमा (संघीय, प्रादेशिक र स्थानीय):

इ. लागत र समयावधिका आधारमा (साना, मझौला, ठुला, रुपान्तरणकारी र राष्ट्रिय गौरवका आयोजना):

ई. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाः हो/होइन।

(घ) आयोजना कार्यान्वयन गर्ने निकायः

(ङ) लक्षित समुदाय/जनसंख्याः आयोजनाबाट सृजित सेवामा पहुँच स्थापित हुने समुदाय र सोको जनसंख्या।

(च) आयोजना छनौटका आधारहरुः

(छ) आयोजनाको आवधिक योजना तथा क्षेत्रगत रणनीतिसँगको तादात्म्यताः

(ज) आयोजनका लागि चाहिने पूरक पुर्वाधार र सुविधाहरुको उपलब्धताः

## ३.३ आयोजनाको विशिष्टिकृत विवरण

(क) आयोजनाको औचित्यः आयोजना आर्थिक, वित्तीय, प्राविधिक, सामाजिक, वातावरणीय रुपमा कसरी औचित्यपूर्ण छ? आर्थिक तथा वित्तीय विश्लेषणबाट लाभदायी नदेखिएको आयोजना कार्यान्वयन गर्नु पर्ने भए सोको कारण र तथ्यपरक पुष्टयाई पेश गर्ने।

(ख) आयोजनाका विकल्प पहिचान र विश्लेषण तथा छनौटको संक्षिप्त व्यहोराः

(ग) आयोजना निर्माण तथा सञ्चालनका सम्भावित विधिः सरकारद्वारा, सार्वजनिक-निजी साझेदारी, निजीक्षेत्रमार्फत, समुदायबाट, अन्य।

(घ) आयोजनाका मुख्य कम्पोनेन्टहरुः

(ङ) आयोजनाको प्रारम्भिक अनुमानित लागतः

(च) आयोजगा सम्पन्न गर्न लाग्ने अनुमागित समयः

(छ) कार्यान्वयनका लागि आवश्यक श्रम, सीप र कच्च पदार्थको उपलब्धता

## ३.४ आयोजनाको वित्तीय प्रबन्धः

(क) **लगानीको सम्भावित संरचनाः** सरकारी लगानीको आयोजनाको हकमा सरकारको योगदान, ऋण वा अनुदान र निजी, साझेदारी वा सामुदायिकको हकमा लगानीको कस्तो सम्भावित संरचना हुने? उल्लेख गर्ने।

(ख) **आयोजना लगानीको स्थितिः** लगानीको सुनिश्चीतता भए नभएको उल्लेख गरी सुनिश्चत भएको भए लगानीको स्रोतको बारेमा (सरकारी लगानीको आयोजना भए सरकारको समानान्तर कोष र लगानी गर्ने निकाय तथा विकास साझेदार निकाय र सोको योगदानको बारेमा उल्लेख गर्ने। निजी, साझेदारीमा वा सामुदायबाट सञ्चालन हुने आयोजना भए लगानीको स्रोत उल्लेख गर्ने। स्रोत सुनिश्चित नभएको भए लगानीको प्रस्तावित योजनाका सम्बन्धमा संक्षेपमा उल्लेख गर्ने।

(ग) **वार्षिक लगानीको आवश्यकता:** आयोजनाको सम्पूर्ण अवधिको वार्षिक लगानीको प्रारम्भिक अनुमानित विवरण अनुसूचीमा समावेश गर्ने।

**३.५ प्रारम्भिक आर्थिक तथा वित्तीय विश्लेषण:** लागत-लाभ, लागत प्रभावकारिता, वातावरणीय तथा सामाजिक प्रभाव, विषद् प्रतिरोधी क्षमता, जलवायु अनुकुलन, भौगोलिक तथा भौगर्भिक उपयुक्तता जस्ता पक्षहरुको सामान्य विश्लेषण गरी विवरण उल्लेख गर्ने।

**३.६ जग्गा प्राप्ति तथा पुनर्वास:** जग्गा प्राप्ति वा पुनर्वास आवश्यक हुने भए उल्लेख गर्ने। जग्गा प्राप्तिको देहाय बमोजिमको विवरण खुलाउने:

(क) प्राप्ति गर्नुपर्ने जग्गाको क्षेत्रफल:

(ख) जग्गाको किसिम: सरकारी जग्गा, वन (सरकारी, लिज, धार्मिक, संरक्षित र सामुदायिक) तथा अन्य प्रकृतिको सरकारी जग्गा, गुठी, निजी (निजी वन समेत) तथा अन्य प्रकृतिको जग्गा।

(ग) जग्गा प्राप्तिका लागि लाग्ने अनुमानित लागत:

(घ) प्रभावित घरधुरी संख्या:

(ङ) पुर्नवास गर्नुपर्ने घरधुरी संख्या:

(च) पुर्नवासको सम्भावित स्थान तथा अनुमानित लागत:

**३.७ आयोजनाको अपेक्षित उपलब्धि:** आर्थिक, वित्तीय, सामाजिक पक्षमा अनुमानित अपेक्षित परिणाम, उपलब्धि र प्रभावबारे उल्लेख गर्ने।

**३.८ जोखिम तथा अन्य सरोकारका मुद्दाहरु:** आयोजनाको सफल कार्यान्वयन तथा सञ्चालनका सम्भावित जोखिमहरु (विपद्जन्य, वातावरणीय, वित्तीय, भौगर्भिक, सास्कृतिक तथा पुरातात्विक आदि) र अन्य सरोकारका मुद्दाहरु भए उल्लेख गर्ने।

**३.९ क्षेत्रगत तथा आयोजना विशेषसँग सम्बन्धित मापदण्ड:** आयोजनासँग सम्बन्धित विषयक्षेत्र वा आयोजना विशेषको सम्बन्धमा कुनै स्वीकृत मापदण्ड भए सो पुरा गरिएको आधार खुल्ने विवरण उल्लेख गर्ने।

**३.१० अन्य विषय:** आयोजनाका सम्बन्धमा अन्य कुनै उल्लेखनीय विषय भएमा उल्लेख गर्ने।

**४. आयोजना अवधारणापत्रको लेखाजोखा विधि:** आयोजना अवधारणापत्रको लेखाजोखा देहाय बमोजिमको परीक्षण सूची (चेकलिष्ट) का आधारमा गर्नुपर्नेछ:

| क्र.सं. | लेखाजोखाका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | कैफियत |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| अ. | **आधारभुत मापदण्ड** | | | | | | |
| १. | सामान्य विश्लेषणका आधारमा आयोजना आर्थिक तथा वित्तीय रूपमा सम्भाव्य र लाभदायी छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २. | आर्थिक तथा वित्तीय रुपमा लाभदायी नभए पनि कार्यान्वयन गर्नुपर्ने भए सोको तथ्यपरक पुष्ट्याई उल्लेख छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ३. | प्रविधिक दृष्टिकोणले आयोजना कार्यान्वयन योग्य देखिन्छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ४. | विकल्पहरुको विश्लेषणको आधारमा उत्तम विकल्प छनौट गरिएको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ५. | आयोजना कार्यान्वयन गर्न जग्गा आवश्यक पर्ने भए जग्गा उपलब्ध हुन सक्छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ६. | आयोजना विशेषका लागि नभई नहुने विषय पुरा भएको छ? जस्तो सौर्य ऊर्जाको लागि पर्याप्त सूर्यको किरण, वायु ऊर्जाको लागि पर्याप्त हावाको गति, सिँचाईको लागि पानीको स्रोत तथा जग्गाको उपयुक्त स्लोप आदि। | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ७. | आयोजना सामाजिक तथा वातावरणीय पक्षको दृष्टिकोणबाट उपयुक्त देखिन्छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ८. | आयोजना जलवायु अनुकुलता तथा विपद् प्रतिरोधात्मक दृष्टिकोणबाट उपयुक्त देखिन्छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |

| क्र.सं. | लेखाजोखाका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | कैफियत |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| आ. | **सामान्य मापदण्ड** | | | | | | |
| ९. | आयोजनाले विकासको राष्ट्रिय सोच र लक्ष्यमा योगदान पुर्याउछ? | ○ | ○ | ○ | ○ | ○ | |
| १०. | आयोजनाको विषय वस्तु राष्ट्रिय प्राथमिकताको क्षेत्र र समृद्धिको संवाहक क्षेत्र भित्र पर्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ११. | आयोजनाले विकासका राष्ट्रिय तथा अन्तराष्ट्रिय दिर्घकालीन लक्ष्य, घोषणा र प्रतिवद्धता (SDG, LDC Gradutation, Vision 2100 etc.) पुरा गर्न प्रत्यक्ष योगदान पुर्याउछ? | ○ | ○ | ○ | ○ | ○ | |
| १२. | आयोजना निर्माणको विधि प्रष्ट छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १३. | आयोजना कार्यान्वयनका लागि बजारमा आवश्यक श्रम तथा सीप उपलब्ध छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १४. | आयोजनाको लक्षित समुदाय सही र उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १५. | आयोजनाको आवश्यकता पुष्टि हुने गरी सोबाट प्राप्त हुने सेवा सुविधाको मौजुदा स्थिति खुलेको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १६. | आयोजना कार्यान्वयनबाट धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदा (ट्रेकिङ रुट समेत) को संरक्षणमा असर नपार्ने पुष्ट्याई छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | लेखाजोखाका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | कैफियत |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| १७. | आयोजनाको आवधिक योजना तथा क्षेत्रगत रणनीतिसँग तादात्म्यता छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| १८. | आयोजना कार्यान्वयन गर्न संस्थागत क्षमता छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| १९. | लगानीको स्रोत सुनिश्चत छ? (छैन भने लगानीको योजनाबारे उल्लेख गरिएको छ?) | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २०. | आयोजना निर्माण पश्चात सञ्चालनको ढाँचा स्पष्ट छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २१. | प्रस्तावित आयोजना कुनै राष्ट्रिय वा क्षेत्रगत गुरूयोजनाको हिस्साको रुपमा रहेको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २२. | प्रस्तावित आयोजना भू-उपयोग नीति तथा योजना अनुकुल छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २३. | आयोजना क्षेत्रमा विद्युत, खानेपानी, टेलिफोन, इन्टरनेट लगायतका आधारभूत सुबिधा उपलब्ध छन्? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २४. | आयोजनाको प्रस्तावित जग्गामा बस्ति भए पुनर्वास गराउन वा अन्य तरिकाले व्यवस्थापन गर्न सम्भव हुने देखिन्छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २५. | प्रस्तावित जग्गा वन क्षेत्रमा भए आवश्यक कानूनी प्रक्रिया पुरा गरी वन क्षेत्र उपयोग गर्ने योजना प्रस्ताव गरिएको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |

| क्र.सं. | लेखाजोखाका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | कैफियत |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| २६. | प्रस्तावित आयोजनाका सम्बन्धमा कुनै विवाद, समस्या वा जटिलता भए समाधान गरी आयोजना कार्यान्वयन गर्ने योजना प्रस्ताव गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| इ. | **क्षेत्रगत मापण्ड** | | | | | | |
| **क.** | **औद्योगिक पूर्वाधार** | | | | | | |
| २७. | आयोजना स्थल राष्ट्रिय राजमार्गबाट तोकिएको दुरीभन्दा बाहिर छ? | ○ | ○ | ○ | ○ | ○ | |
| २८. | उद्योगीहरु उक्त स्थानमा उद्योग संचालन गर्न इच्छुक छन्? | ○ | ○ | ○ | ○ | ○ | |
| २९. | आवश्यक कच्चा पदार्थको उपलब्धता र बजारको संभावना छ? | ○ | ○ | ○ | ○ | ○ | |
| **ख.** | **पर्यटन पूर्वाधार** | | | | | | |
| ३०. | पर्यटकीय स्थल, पर्यटन आगमनको सम्भावना र पर्यटकीय सेवा सुविधाको उपलब्धताका दृष्टिले आयोजना सम्भाव्य छ? | ○ | ○ | ○ | ○ | ○ | |
| **ग.** | **सिँचाई तथा खानेपानी** | | | | | | |
| ३१. | पानीको स्रोत वा मूल सुनिश्चत भएको वा दर्ता गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | लेखाजोखाका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | कैफियत |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| घ. | **ऊर्जा** | | | | | | |
| ३२. | आयोजना स्थलमा सेन्ट्रल ग्रिड, प्रसारण लाइन वा अन्य पूर्वाधार उपलब्ध छ? छैन भने उत्पादित ऊर्जा उपयोगको उपयुक्त योजना प्रस्ताव गरिएको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ङ. | **यातायात पूर्वाधार** | | | | | | |
| ३३. | सडक वा रेलवे आयोजना भए सो आयोजनाले जोड्ने स्थान र सोको एलाइनमेण्ट खुलेको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ३४. | सडक वा रेल आयोजना संचालन पश्चात कुल यातायत खर्चमा कमि आउने भरपर्दो आधार छ ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ३५. | जल यातयात आयोजना भए प्रस्तावित नदि जल यातायात सञ्चालन गर्न प्राविधिक रुपले उपयुक्त छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ३६. | जल यातायातबाट हुन सक्ने जलचर माथि हुने प्रारम्भिक प्रभाव वा असर उल्लेख गरी व्यवस्थापनको योजना प्रस्ताव गरिएको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| ३७. | विमानस्थल आयोजना भए यात्रुको उपलब्धता सुनिश्चित छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| च. | **आवास** | | | | | | |
| ३८. | भवन निर्माण मापदण्ड तथा भवन संहिता अनुरुप छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |

| क्र.सं. | लेखाजोखाका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | कैफियत |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| **छ.** | **फोहोर व्यवस्थापन** | | | | | | |
| ३९. | स्थानीय तह तथा समुदायसँगको छलफलबाट आयोजना निर्माण तथा सञ्चालनमा स्थानीय समर्थन रहेको पुष्टि हुने आधार संलग्न छ? | ○ | ○ | ○ | ○ | ○ | |

५. **अवधारणापत्र स्वीकृतीको मापदण्डः** माथि दिइएको तालिकाका आधारभुत मापदण्ड र सम्बन्धित क्षेत्रगत मापदण्डहरुमा सतप्रतिशत र सामान्य मापदण्डहरुमा कम्तिमा पचास प्रतिशत अंक प्राप्त गर्ने आयोजनाको अवधारणापत्र स्वीकृतीका लागि योग्य मानिनेछ।

## खण्ड ग
## आयोजनाको विकास

६. **पूर्व सम्भाव्यता अध्ययनको विषयवस्तु र प्रतिवेदनको ढाँचाः** आयोजनाको पूर्व सम्भाव्यता अध्ययनको विषयवस्तु र सोका आधारमा तयार परिने प्रतिवेदनको ढाँचा देहाय बमोजिम हुनुपर्नेछः

६.१ **कार्यकारी सारांशः** पूर्व सम्भाव्यता अध्ययनका मुख्य निष्कर्ष र सिफारिसहरु उल्लेख गर्ने।

६.२ **आयोजनाको पृष्ठभूमिः**

(क) आयोजनाको परिचयः आयोजनाको नाम, स्थान, कार्यक्षेत्र, मुख्य कम्पोनेण्ट, लक्षित समूह,

(ख) आयोजनाको उद्देश्य,

(ग) द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कका आधारमा आयोजनसँग सम्बन्धित विषयक्षेत्रको वर्तमान अवस्थाको सामान्य विश्लेषण,

(घ) आयोजना क्षेत्र र लाभग्राहीहरुको विकासका सूचकहरुको अवस्थाको विश्लेषण,

(ङ) आयोजनाको मागको अवस्था, आवश्यकता र औचित्यका आधारहरुको लेखाजोखा,

(च) आयोजनाको सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीको विश्लेषण,

(छ) आयोजनासँग सम्बन्धित नीतिगत, कानुनी मापदण्डको अवस्था,

(ज) स्थानीय सरोकारका विषय तथा कार्यान्वयनका अन्य चुनौति।

६.३ **अध्ययन विधिः** तथ्याङ्कको स्रोत, तथ्याङ्क विश्लेषणका विधि, अध्ययनमा प्रयोग भएका विधि, औजार तथा सूत्र उल्लेख गर्ने।

६.४ **नीतिगत तादात्म्यताः** मौजुदा कानून, राष्ट्रिय तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम, गुरुयोजना, कार्ययोजना, मापदण्ड आदिसँग आयोजनाको तादात्म्य तथा सामञ्जस्यता उल्लेख गर्ने।

६.५ **पूर्व सम्भाव्यता विश्लेषणः**

(क) प्रारम्भिक प्राविधिक विश्लेषण

(ख) प्रारम्भिक आर्थिक तथा वित्तीय विश्लेषण

(ग) बजार मागको सामान्य विश्लेषण

(घ) वातावरणीय तथा सामाजिक प्रभावको सामान्य विश्लेषण

(ङ) जलवायु अनुकुलन तथा विपद् जोखिम विश्लेषण

(च) लैङ्गिक तथा सामाजिक समावेशीकरणको प्रारम्भिक विश्लेषण

(छ) लागत अनुमान, लगानीको स्रोत तथा ढाँचा

(ज) दिगोपना विश्लेषण

(झ) आयोजना सञ्चालनको स्वीकृती तथा अनुमति पत्र आवश्यक पर्ने भए सो प्राप्त हुने आधार

६.६ **कार्यान्वयन तथा सञ्चालनको ढाँचा:** आयोजना कुन तहबाट, कुनकुन क्षेत्र/निकायको संलग्नतामा, कसरी कार्यान्वयन गरिन्छ? उल्लेख गर्ने।

**६.७ अध्ययनको सिफारिस तथा सुझाव**

(क) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त छ वा छैन भन्ने विषय,

(ख) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त भए कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको प्रारम्भिक खाका,

(ग) आयोजना कार्यान्वयन गर्दा स्थानीय सरोकारका विषय तथा कार्यान्वयनका अन्य चुनौती र तिनलाई संम्बोधन गर्ने उपायहरु।

**६.८ सन्दर्भ सामग्री**

**६.९ अनुसूची**

७. **सम्भाव्यता अध्ययनको विषयवस्तु र प्रतिवेदनको ढाँचाः** आयोजनाको सम्भाव्यता अध्ययनको विषयवस्तु र सोको आधारमा तयार गरिने प्रतिवेदनको ढाँचा देहाय बमोजिम हुनु पर्नेछः

७.१ **कार्यकारी सारांशः** सम्भाव्यता अध्ययनका मुख्य निष्कर्ष र सिफारिसहरु उल्लेख गर्ने।

७.२ **आयोजनाको पृष्ठभूमिः**

(क) आयोजनाको परिचयः आयोजनाको नाम, स्थान र भौगोलिक अवस्थिति र जलवायु सम्बन्धी विवरण, आयोजनाको कार्यक्षेत्र, मुख्य कम्पोनेण्ट, लक्षित समूहको खण्डिकृत विवरण आदि उल्लेख गर्ने।

(ख) आयोजनाको उद्देश्य,

(ग) आयोजनासँग सम्बन्धित विषयक्षेत्रको वर्तमान अवस्थाको तथ्यपरक विश्लेषण,

(घ) आयोजना क्षेत्र र लाभग्राहीहरुको विकासका सूचकहरुको अवस्थाको तथ्यपरक विश्लेषण,

(ङ) आयोजनाको मागको अवस्था, आवश्यकता र औचित्यका आधारहरुको वस्तुपरक लेखाजोखा,

(च) आयोजनाको सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीको विस्तृत विश्लेषण,

(छ) स्थानीय सरोकारका विषय, कार्यान्वयनका जोखिम तथा अन्य चुनौतीको लेखाजोखा।

७.३ **नीतिगत तादात्म्यताः** मौजुदा कानून, राष्ट्रिय तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम, रणनीति, गुरुयोजना, कार्ययोजना, मापदण्ड आदिसँग आयोजनाको तादात्म्यता तथा सामञ्जस्यताको विश्लेषण।

७.४ **अध्ययन विधिः** तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलन र विश्लेषणका विधि, अध्ययनमा प्रयोग भएका विधि, औजार तथा सुत्रहरु उल्लेख गर्ने।

७.५ **सम्भाव्यता विश्लेषणः** आयोजनाका देहायका विषयहरुमा तथ्यमा आधारित रहेर विस्तृत विश्लेषण गर्नु पर्नेछः

(क) प्राविधिक पक्ष,

(ख) आर्थिक तथा वित्तीय पक्ष,

(ग) आर्थिक तथा वित्तीय विश्लेषणबाट लाभदायी नदेखिए पनि आयोजना कार्यान्वयन गर्नुपर्ने भए सोको कारण र पुष्टयाईं,

(घ) बजार तथा मागको अवस्था,

(ङ) वातावरणीय तथा सामाजिक प्रभाव,

(च) जलवायु परिवर्तन असर तथा अनुकुलन,

(छ) विपद् जोखिम व्यवस्थापन,

(ज) लैंगिक समानता तथा सामाजिक समावेशीकरण,

(झ) अन्य सम्भावित जोखिम व्यवस्थापन,

(ञ) दिगोपना।

७.६ **कार्यान्वयन तथा सञ्चालनको ढाँचा:** कुन तहबाट, कुन-कुन क्षेत्र/निकायको संलग्नतामा, कसरी आयोजना कार्यान्वयन गर्ने? कस्को जिम्मेवारी के हुने? समन्वय र अन्तरनिकाय सञ्चालनयोग्यताको ढाँचा के हुने? आदि उल्लेख गर्ने।

७.७ **अपेक्षित नतिजा:** आयोजनाबाट प्राप्त हुने नतिजा, उपलब्धि र प्रभावको बस्तुगत एवं मापनयोग्य सूचक सहितको नतिजा खाका प्रस्तुत गर्ने।

**७.८ निष्कर्ष तथा सिफारिस**

(क) आयोजना कार्यान्वयन गर्न उपयुक्त छ वा छैन भन्ने विषय,

(ख) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त देखिएमा कार्यान्वयनको लागि आवश्यक पर्ने नीतिगत तथा संस्थागत संरचनाको विस्तृत खाका,

(ग) स्थानीय सरोकारका विषय र कार्यान्वयनका जोखिम तथा चुनौतिलाई सम्बोधन गर्ने उपायहरु।

**७.९ सन्दर्भ सामग्री**

**७.१० अनुसूची**

८. **सम्भाव्यता अध्ययन प्रतिवेदन मूल्याङ्कनको विधिः** (१) सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्याङ्कन देहायबमोजिमको परीक्षणसूची (Check List) का आधारमा गरिनेछ:

| क.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| अ. | **आधारभूत मापदण्ड** | | | | | | |
| क. | **सामान्य मापदण्ड** | | | | | | |
| १. | लक्षित समूहको पहिचान गरी खण्डिकृत विवरण संलग्न गरिएको र आयोजनाले लक्षित समूहको आवश्यकता/समस्यालाई सम्बोधन गर्न सक्ने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| २. | उपलब्ध आयोजना समयसीमाको दृष्टिकोणबाट उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३. | जग्गा अधिग्रहण तथा विस्थापनको समस्या भए सोको समाधान गरी आयोजना कार्यान्वयन गर्न सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ४. | आयोजना सञ्चालनमा कुनै कानूनी जटिलता नरहेको आधार प्रस्तुत गरिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ५. | आयोजना कार्यान्वयनका लागि आवश्यक संस्थागत क्षमता पर्याप्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ६. | आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति, कच्चा पदार्थ, प्रविधि आदिको उपलब्धता रहेको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ख. | **प्राविधिक विश्लेषणसँग सम्बन्धित मापदण्ड** | | | | | | |
| १. | प्राविधिक विश्लेषणबाट आयोजना उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| २. | आयोजनाको प्रारम्भिक डिजाइन समावेश गरिएको र उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३. | प्रविधिको चयन आयोजनाको आवश्यकता र स्थानीय अवस्था अनुसार उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ४. | आयोजनाको लागत अनुमान तयार गरिएको र उपयुक्त छ? | | | | | | |
| ५. | आयोजनाको नतिजा खाका (Result Framework) तयार गरी समावेश गरिएको र उपयुक्त छ? | | | | | | |
| ६. | आयोजना कार्यान्वयनको कार्ययोजना तर्जुमा गरी समावेश गरिएको र उपयुक्त छ? | | | | | | |
| ७. | आयोजनाको उपयुक्त खरिद गुरुयोजना/योजना तयार गरी संलग्न गरिएको छ? | | | | | | |
| ८. | आयोजना क्षेत्रमा बस्ती विकास वा द्रुत सहरीकरणको सम्भावना रहेको छ? | | | | | | |
| ९. | आयोजनाको लागि भौगोलिक उपयुक्तता रहेको देखिन्छ?* | | | | | | |
| १०. | आयोजना मर्मत सम्भार तथा दिगो सञ्चालनको ढाँचा सहितको योजना समावेश छ? | | | | | | |
| ११. | आयोजनाको सुरक्षा सम्बन्धी मापदण्ड र सो परिपालनाका उपायहरु उल्लेख गरिएको र उपयुक्त छन्? | | | | | | |
| **ग.** | **आर्थिक तथा वित्तीय विश्लेषणसँग सम्बन्धित मापदण्ड** | | | | | | |
| १. | प्रस्तावित आयोजनाले राष्ट्रिय आवधिक तथा दीर्घकालीन योजनाले तय गरेका आर्थिक वृद्धिको लक्ष्यमा प्रत्यक्ष योगदान पुर्‍याउने देखिन्छ? | | | | | | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| २. | रोजगारी सिर्जना र स्थानीय आर्थिक क्रियाकलापमा अभिवृद्धिमार्फत् गरिबी निवारण र नागरिकको जीवनस्तर सुधार गर्नमा प्रत्यक्ष योगदान पुग्ने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३. | आयोजना सञ्चालनबाट प्राप्त हुने अप्रत्यक्ष आर्थिक लाभको सम्भावना उच्च छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४. | आयोजनाले विकासमा प्रादेशिक तथा स्थानीय सन्तुलन कायम गर्न योगदान पुग्ने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ५. | सामाजिक लाभ-लागत (Social Benefit-Cost) विश्लेषणका आधारमा उपयुक्त देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ६. | प्रस्तावित आयोजनाको अनुमानित कूल लागत (पूँजीगत तथा चालु) उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ७. | आयोजनाको लागि आवश्यक लगानीको स्रोतको पहिचान गरिएको र सुनिश्चत छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ८. | आयोजनाको प्रक्षेपित नगद प्रवाह (Pro-Forma Cash Flow) उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ९. | आयोजनाको खुद वर्तमान मूल्य (Net Present Value) स्वीकार्य र तुलनात्मक रूपमा उच्च रहेको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १०. | आयोजनाको वित्तीय आन्तरिक प्रतिफल दर (Financial Internal Rate of Return) स्वीकार्य र तुलनात्मक रूपमा उच्च रहेको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ११. | आयोजनाको लगानी फिर्ता अवधि (Pay Back Period) उपयुक्त र तुलनात्मक रूपमा कम रहेको छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| १२. | आयोजना सञ्चालनबाट सरकारको राजस्व वृद्धिमा प्रत्यक्ष योगदान पुग्ने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १३. | आयोजनाबाट उत्पादन हुने वस्तु वा सेवाको माग तथा बजार अवस्थाको अध्ययनबाट प्रस्तावित आयोजना उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| १४. | लगानीको ढाँचा पहिचान गरिएको र उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १५. | आर्थिक तथा वित्तीय लेखाजोखाबाट लाभदायी नदेखिए पनि अन्य आधारबाट आयोजना छनौट हुन आवश्यक भए उपयुक्त पुष्ट्याइँ तथा सिफारिस समावेश गरिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| **घ.** | **सामाजिक तथा वातावरणीय प्रभावसँग सम्बन्धित मापदण्ड** | | | | | | |
| १. | प्रस्तावित आयोजना वातावरणीय प्रभाव विश्लेषणका आधारमा उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| २. | सामाजिक प्रभाव मूल्याङ्कनबाट उपयुक्त देखिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३. | जलवायु अनुकुलन तथा विपद् जोखिम मूल्याङ्कनबाट उपयुक्त देखिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४. | आयोजनाले पुरातात्विक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा एवम् प्राकृतिक संवेदनशीलता र स्थानीय विशिष्टताको संरक्षणमा असर नपार्ने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ५. | प्रस्तावित आयोजना बाढी, पहिरो तथा अन्य जलउत्पन्न प्रकोप जोखिम अध्ययनबाट उपयुक्त देखिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ६. | प्रस्तावित आयोजना विस्तृत भौगर्भिक अध्ययनबाट उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| **आ.** | **क्षेत्रगत मापदण्ड** | | | | | | |
| **१.** | **औद्योगिक पूर्वाधार (औद्योगिक क्षेत्र/करिडोर/ग्राम, विशेष आर्थिक क्षेत्र, सूचना प्रविधि पार्क आदि)** | | | | | | |
| १.१ | उद्योगीहरु उक्त स्थानमा उद्योग संचालन गर्न इच्छुक छन्?* | ○ | ○ | ○ | ○ | ○ | |
| १.२ | अपेक्षित उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र सहज आपुर्ति सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| १.३ | स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थको खपतलाई प्रवर्द्धन गर्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १.४ | श्रमिकको उपलब्धता छ? र सीप विकास तालिममार्फत स्थानीय श्रमिकको उपयोग गर्न सकिने सम्भावना छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १.५ | जग्गा विकास सम्भव छ? सोको लागत अनुमान तयार गरिएको र उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| १.६ | फोहोर मैला व्यवस्थापन र पर्यावरणीय जोखिमबाट सुरक्षाका उपायहरु सिफारिस गरिएका र सम्भव छन्?* | ○ | ○ | ○ | ○ | ○ | |
| १.७ | उद्योगबाट हुन सक्ने वायु, ध्वनी र जल प्रदूषण नियन्त्रण सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| १.८ | विद्युत, सञ्चार, खानेपानी र पहुँचमार्ग उपलब्ध छ? वा उद्योग सञ्चालनपूर्व निर्माण एवम् विस्तार गर्न सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| १.९ | बस्ती व्यवस्थापन गर्नुपर्ने भए सो कार्य पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक, जमिनको उपलब्धता आदि दृष्टिकोणबाट सम्भव छ?* | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| १.१० | विकास र सञ्चालनको विशिष्ट कानूनी आधार छ? र सो उपयुक्त छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| १.११ | स्वदेशी तथा विदेशी बजार माग र सम्भावनाको विश्लेषणबाट आयोजना सम्भाव्य देखिएको छ?* | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २. | **पर्यटन पूर्वाधार** | | | | | | |
| २.१ | आयोजना पहुँच मार्ग, यातायात, होटल, आधारभूत स्वास्थ्य सेवा लगायतका पर्यटकीय सेवा सुविधाको उपलब्धताका दृष्टिकोणले उपयुक्त छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २.२ | पर्यटक आगमनको प्रक्षेपणबाट आयोजना लाभदायी देखिएको छ?* | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २.३ | आयोजना बृहत् पर्यटकीय कार्यक्रम (Integrated Tourism Circuit) को प्याकेजको हिस्साका रुपमा प्रस्ताव गरिएको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २.४ | आयोजनाले स्थानीय उत्पादनको उपयोग, कला, संस्कृति र मौलिकताको विकास तथा प्रबर्द्धनमा प्रत्यक्ष योगदान पुर्‍याउछ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |
| २.५ | पर्यटकीय सुरक्षा जोखिमको विश्लेषणबाट आयोजना उपयुक्त देखिएको छ? | ◯ | ◯ | ◯ | ◯ | ◯ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ३. | **व्यापारिक पूर्वाधार (भण्डारण तथा प्रशोधन केन्द्र, शीत भण्डार, सुख्खा बन्दरगाह, भन्सार पूर्वाधार एकीकृत जाँच चौकी, निर्यात प्रशोधन केन्द्र, व्यापार केन्द्र, क्वारेन्टाइन प्रयोगशाल आदि)** | | | | | | |
| ३.१ | व्यापर बिस्तार र निर्यात प्रवर्द्धनका दृष्टिले आयोजना उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३.२ | बजारसँगको लिङ्केज तथा पहुँच र व्यापारिक मार्ग तथा निर्यातको सीमा नाका/पोर्ट/ ट्रान्जिट विन्दुसँगको सन्निकटता छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३.३ | सञ्चालन क्षमता (जनशक्ति, प्रविधि, व्यवस्थापकीय ज्ञान, कानूनी आधार आदि) विश्लेषणबाट उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ३.४ | आयोजना दीर्घकालीन सम्भावनाको प्रक्षेपणबाट उपयुक्त वा विकास तथा विस्तारको सम्भावना भएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४. | **कृषि, मत्स्य तथा पशुपन्छी** | | | | | | |
| ४.१ | लाभान्वित कृषक परिवारको सही पहिचान गरी उनीहरुको आवश्यकता/समस्याको सम्बोधन गर्न सक्ने आधार सहित उपयुक्त आयोजना प्रस्ताव गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.२ | सम्बन्धित विषयक्षेत्रको हालको अवस्थाको तथ्यपरक विश्लेषणबाट आयोजनाको आवश्यकता र औचित्य पुष्टि हुन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.३ | आयोजना क्षेत्रमा कृषि उत्पादनको सम्भावना उच्च रहेको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.४ | प्रस्तावित आयोजनाबाट हुने कृषि उत्पादन तुलनात्मक लाभका दृष्टिले उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ४.५ | खाद्य सुरक्षाको अवस्था विश्लेषणबाट आयोजनाले खाद्य सुरक्षा र सम्प्रभुत्ताको सुनिश्चित गर्न प्रत्यक्ष योगदान पुर्‍याउने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.६ | कृषि पूर्वाधारको उपलब्धता वा आयोजना सञ्चालन हुनु पूर्व विकास वा विस्तारको सम्भावना छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.७ | कृषि उत्पादनको लागि आवश्यक बजारको उपलब्धता र पहुँच सहज छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ४.८ | आयोजना आधुनिक प्रविधिको उपयोग र कृषि क्षेत्रको व्यवसायीकरणमा आधारित छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.९ | पशु, पन्छी वा मत्स्य पालन आयोजना भए सोका लागि आवश्यक पूर्वाधार (चरणक्षेत्र, आहार, पानीको स्रोत आदि) पर्याप्त मात्रामा उपलब्ध छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ४.१० | आयोजनाले कृषिमा युवाको आकर्षण र कृषकको आय-आर्जन बढाउछ? | ○ | ○ | ○ | ○ | ○ | |
| **५.** | **सिँचाई** | | | | | | |
| ५.१ | सिँचाईका लागि आवश्यक पर्ने पानीको पर्याप्तता तथा वैकल्पिक स्रोतको उपलब्धता रहेको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ५.२ | विशेष प्रविधिमा आधारित आयोजना भए प्रस्तावित प्रविधि उपयुक्तताको लेखाजोखाबाट उपयुक्त देखिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ५.३ | सिँचाइ सघनता तथा बाह्रैमास सिँचाई सुविधा प्राप्त हुन सक्ने अवस्था छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ५.४ | आयोजनाको संयोजनात्मक उपयोग (Conjunctive Use) को सम्भावना रहेको छ? | | | | | | |
| ५.५ | आयोजनाको बहुउद्देश्यीय उपयोगको सम्भावना रहेको छ? | | | | | | |
| ५.६ | सिँचाइ सेवा शुल्क संकलनको संभावना र प्रारम्भिक अनुमान उल्लेख भएको छ? | | | | | | |
| ५.७ | सम्बन्धित कानून बमोजिम उपभोक्ताको योगदान तथा सह-लगानी सुनिश्चित छ?* | | | | | | |
| ५.८ | हालको तथा आयोजना संचालन पछिको लागि सिफारिस गरिएको कृषि प्रणाली, वाली चक्र, उत्पादन, उत्पादकत्व तथा सिँचाइको व्यबस्थाले सिर्जना गर्ने सक्ने आर्थिक अवसरको तुलनात्मक अध्ययनबाट आयोजना उपयोगी देखिएको छ? | | | | | | |
| ५.९ | आयोजना क्षेत्रमा नगदे बाली विकास र उत्पादनको सम्भावना रहेको छ? | | | | | | |
| ५.१० | आयोजनाको नियमित मर्मत संभार गरी दिगो संचालनको सम्भावना छ? | | | | | | |
| ५.११ | ठुला, बृहत तथा निर्यातमूलक आयोजना भए कृषि उपजको अन्तर्राष्ट्रिय बजार मूल्यको विश्लेषणबाट उपयुक्त देखिएको छ?* | | | | | | |
| ५.१२ | भूमिगत जल सिँचाई वा लिफ्ट सिँचाई आयोजना भए सिँचाई क्लस्टरभित्र पर्छ? | | | | | | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ५.१३ | आयोजना स्थल वरिपरी केही शहरीकरण भई कृषि योग्य जमिन गैह्र कृषि कार्यमा उपयोग हुने र सिँचाई आयोजनाको लगानीनै जोखिममा पर्ने सम्भावना नभएको पुष्टि हुने यथेष्ट तथ्यपरक आधार देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ६. | **ऊर्जा** | | | | | | |
| **६.१** | **जलविद्युत** | | | | | | |
| ६.१.१ | आयोजना स्थलको १५ वर्ष भन्दा बढी अवधिको वर्षाको अभिलेख विश्लेषणबाट आयोजना उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ६.१.२ | आयोजनाको जलाधार क्षेत्र (क्याचमेण्ट एरिया) को भूउपयोगको विस्तृत अध्ययनका आधारमा आयोजना उपयुक्त देखिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ६.१.३ | आयोजनाको जलाधार क्षेत्र (क्याचमेण्ट एरिया) को भौगर्भिक अध्ययनबाट आयोजना उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ६.१.४ | अपेक्षित क्षमता सहितको प्रसारण लाइन छ? वा उत्पादन सुरु हुनु भन्दा पहिला नै निर्माण सम्पन्न हुने सुनिश्चत छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ६.१.५ | पहिचान र उत्पादित विद्युतको बजार विश्लेषणबाट आयोजना उपयोगी देखिन्छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ६.१.६ | आयोजनाले सिंचाई प्रयोजनको लागि छोड्नुपर्ने पानीको न्युनतम मात्रा पहिचान र सुनिश्चित गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ६.२ | **सौर्य ऊर्जा** | | | | | | |
| ६.२.१ | आयोजना स्थलमा पर्याप्त मात्रामा घाम लाग्ने किसिमको जग्गा उपलब्ध छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ६.२.२ | आयोजना स्थलमा पातलो बस्ती भएका कारण जलविद्युतको वितरण लाइन निर्माण गर्न खर्चिलो हुने स्थिति रहेको वा सोलारबाट उत्पादित विद्युत केन्द्रिय प्रसारण लाइन (सेन्ट्रल ग्रिड) मा जोड्न सम्भव देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ७. | **यातायात पूर्वाधार** | | | | | | |
| ७.१ | **सडक** | | | | | | |
| ७.१.१ | सडकको वर्गीकरण अनुसार तोकिएको मापदण्ड पुरा हुने देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ७.१.२ | भौगोलिक र वायोइन्जिनियरिङ पक्षलाई ध्यान दिई उपयुक्त उपायहरु प्रस्ताव गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ७.१.३ | सडकसँगै व्यवस्थित गर्नु पर्ने विद्युत्, खानेपानी, दुरसञ्चार, ढल प्रणालीका एकीकृत प्रबन्ध हुनेगरी प्रस्ताव गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ७.१.४ | सुरुङ्ग मार्गको हकमा भौगर्भिक उपयुक्तता, दुरी तथा समय र सुरक्षा पक्षको विश्लेषणबाट आयोजना उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ७.१.५ | सम्भावित विपद् वा प्रकोपले आयोजनालाई पार्ने असरबारेको अध्ययनबाट आयोजना उपयुक्त देखिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ७.२ | **रेल यातायात** | | | | | | |
| ७.२.१ | आयोजना रेल यातायात रणनीति र गुरुयोजनासँग सामञ्जस्य छ? | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| **७.३** | **जल यातायात** | | | | | | |
| ७.३.१ | आयोजनाबाट पर्ने जलचर लगायतका वातावरणीय प्रभावको मूल्याङ्कनबाट आयोजना उपयुक्त देखिएको तथा सम्भावित असर न्यूनीकरण गर्न सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ७.३.२ | आयोजना जल यातायात सम्बन्धी नीति तथा गुरुयोजनासँग आवद्ध भएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| **७.४** | **हवाई यातायात** | | | | | | |
| ७.४.१ | यात्रुहरुको उपलब्धता, प्राविधिक तथा भौगोलिक उपयुक्तता, संभावित गन्तब्य र हवाई सेवा व्यवसयीहरुको रुचि तथा तत्परता विश्लेषणबाट उपयुक्त देखिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| **८.** | **सामाजिक पूर्वाधार** | | | | | | |
| **८.१** | **खानेपानी** | | | | | | |
| ८.१.१ | खानेपानीको स्रोत, गुणस्तर तथा मात्रा पहिचान भएको र उपयुक्त छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ८.१.२ | खानेपानी आयोजना सञ्चालन र मर्मत सम्भारको ढाँचा तथा व्यवसायिक योजना प्रस्ताव गरिएको र उपयुक्त छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ८.१.३ | विशेष एवम् जटिल प्रविधि (लिफ्टिङ, रिजर्भायर, पम्पिङ, वोरिङ आदि) को प्रयोग हुने आयोजना भए प्रस्तावित प्रविधि सम्भव र उपयुक्त छ?* | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | छैन | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०) | |
| ८.२ | **फोहोरमैला व्यवस्थापन** | | | | | | |
| ८.२.१ | आयोजना स्थल सम्मको पहुँच मार्ग उपलब्ध रहेको वा आयोजना सम्पन्न अगावै निर्माण सम्पन्न हुने सुनिश्चित छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ८.२.२ | आयोजनाबाट स्थानीय समुदायलाई पर्ने असरको विश्लेषण र सोको समाधान गरी विना अवरोध आयोजना सञ्चालन गर्न सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ८.२.३ | आयोजना स्थलमा कुनै पनि किसिमको प्रदूषण र स्वास्थ्य तथा पर्यावरणीय जोखिम हुन नदिन उपयुक्त आधुनिक प्रविधि/उपायको प्रस्ताव गरिएको छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ८.२.४ | फोहोर व्यवस्थापनसँगै आर्थिक प्रतिफल प्राप्त हुने गरी व्यवसायिक उद्देश्यबाट आयोजना प्रस्ताव गरिएको छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ८.२.६ | फोहोर व्यवस्थापनको नवीनतम र अत्याधुनिक प्रविधि प्रस्ताव गरिएको छ? र सो सम्भव देखिन्छ? | ○ | ○ | ○ | ○ | ○ | |
| ८.२.४ | ढल व्यवस्थापन आयोजनाको हकमा ढललाई नदीमा वा खुला स्थानमा छाड्नु पूर्व उपयुक्त प्रविधि प्रयोग गरी प्रशोधन गर्न सम्भव छ?* | ○ | ○ | ○ | ○ | ○ | |
| ८.३ | **स्वास्थ्य पूर्वाधार** | | | | | | |
| ८.३.१ | सेवाग्राही पहुँचको सहजता, पूरक पूर्वाधार एवं सुविधाको उपलब्धता, स्वास्थ्यकर्मीहरुको उपलब्धता र स्वास्थ्यजन्य फोहर (Medical Waste) व्यवस्थापनको दृष्टिकोणबाट आयोजना सम्भव देखिन्छ?* | ○ | ○ | ○ | ○ | ○ | |

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
$$P_S = \left(\frac{R_F}{T_F}\right) * 0.7 + \left(\frac{R_S}{T_S}\right) * 0.3$$

*जहाँ,*

$P_S$ = आयोजना अंक (*Project Score*)

$R_F$ = आधारभूत मापदण्डको प्राप्ताङ्क (*Received score in fundamental criteria*)

$T_F$ = आधारभूत मापदण्डको पूर्णाङ्क (*Total score of fundamental criteria*)

$R_S$ = क्षेत्रगत मापदण्डको प्राप्ताङ्क (*Received score in sectoral criteria*)

$T_S$ = क्षेत्रगत मापदण्डको पूर्णाङ्क (*Total score in sectoral criteria*)

१२. **आयोजना कार्यान्वयनको तत्परता मूल्याङ्कन विधिः** (१) आयोजना कार्यान्वयनको तत्परता मूल्याङ्कन देहाय बमोजिम गर्नु पर्नेछ:

| क्र.सं. | मूल्याङ्कनका मापदण्ड | मापदण्डको स्थिति र अंकभार | | |
|---|---|---|---|---|
| | | छ (१) | छैन (०) | आवश्यक नपर्ने (१) |
| १. | विस्तृत अध्ययन र/वा सम्भाव्यता अध्ययनको स्वीकृत प्रतिवेदन* | ◯ | ◯ | ◯ |
| २. | प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृत प्रतिवेदन* | ◯ | ◯ | ◯ |
| ३. | लगानीका लागि स्रोतको सुनिश्चितता | ◯ | ◯ | ◯ |
| ४ | लगानीको ढाँचा (Investment Modality) को निर्णय* | ◯ | ◯ | ◯ |
| ५. | जग्गा प्राप्तिको कानूनी प्रक्रिया पुरा भएको कागजात* | ◯ | ◯ | ◯ |
| ६. | कुनै कानूनी स्वीकृति लिनु पर्ने भए सो प्राप्त गरेको प्रमाण* | ◯ | ◯ | ◯ |
| ७. | नतिजा खाका (Logical Framework) | ◯ | ◯ | ◯ |
| ८. | आयोजनाको स्वीकृत प्राविधिक डिजाइन* | ◯ | ◯ | ◯ |
| ९. | विस्तृत कार्यान्वयन कार्ययोजना | ◯ | ◯ | ◯ |
| १०. | सार्वजनिक खरिद गुरु योजना | ◯ | ◯ | ◯ |
| ११ | आयोजना स्थलमा कुनै संरचना तथा वन क्षेत्र भए हटाउन आवश्यक प्रकृया पुरा गरेको कागजात* | ◯ | ◯ | ◯ |
| १२. | कार्यान्वयनका लागि आवश्यक संस्थागत तथा नीतिगत प्रबन्ध | ◯ | ◯ | ◯ |
| १३. | आवश्यक कच्चा पदार्थ, प्रविधि, श्रमशक्ति आपूर्तिको योजना* | ◯ | ◯ | ◯ |
| १४. | पूरक पूर्वाधार तथा सेवाहरुको प्रबन्ध योजना | ◯ | ◯ | ◯ |

| | | | | |
|---|---|---|---|---|
| १५. | आयोजना कार्यान्वयनमा स्थानीय समर्थन र गुनासो व्यवस्थापन संयन्त्र | ◯ | ◯ | ◯ |

(२) आयोजना कार्यान्वयन तत्परता मूल्याङ्कन गर्न देहायको सुत्रको प्रयोग गर्नु पर्नेछः

$$P_{RS} = \frac{R_S}{T_S}$$

*जहाँ,*

$P_{RS}$ = Project Readiness Score

$R_S = Received\ score$

$T_S = Total\ score$

**निर्णयको आधारः** उल्लिखित मापदण्डहरु मध्ये (*) भएका मापदण्डहरु अनिवार्य रुपमा पुरा गरी यस बमोजिमको तत्परता मूल्याङ्कनमा समग्रमा ०.६ अंक प्राप्त गर्ने आयोजनालाई मात्र प्राथमिकताक्रमको सूचीमा समावेश गरिने छ।

**१३. आयोजनाको प्राथमिकताक्रम निर्धारणको तरिकाः** (१) आयोजनाहरुको प्राथमिकताक्रम देहायको सूत्र बमोजिम प्राप्त अंकका आधारमा अधिकतमबाट न्यूनतम क्रममा रहने गरी निर्धारण गर्नुपर्नेछः

$$A_{PS} = \left(\frac{P_S + P_{RS}}{2}\right)$$

जहाँ,

$A_{PS}$ = *Average Prioritization Score*

$P_S$ – *Project Score*

$P_{RS}$ = *Project Readiness Score*

(२) आयोजनाको प्राथमिकताक्रम विषयक्षेत्रगत रुपमा औषत प्राथमिकताक्रम ($A_{PS}$) अंकका आधारमा मन्त्रालयगत रुपमा अलग-अलग निर्धारण गर्नुपर्नेछ।

**१४. मध्यमकालीन खर्च संरचनामा आयोजना समावेश गर्ने आधारः** विषयक्षेत्रगत मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा उपलब्ध बजेट सीमाभित्र रही राष्ट्रिय आयोजना बैंकमा प्रविष्ट आफ्नो विषयक्षेत्रको आयोजनाको प्राथमिकताक्रम सहितको सूचीमध्येबाट प्राथमिकताका आधारमा क्रमशः आयोजना समावेश गर्नु पर्नेछ।

**१५. आयोजना प्राथमिकीकरणका आधार र विधिः** स्रोतको विवेकपूर्ण विनियोजन गर्दै प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचनामा समावेश भएका आयोजनालाई पहिलो र दोस्रो प्राथमिकतामा वर्गीकरण गर्नु पर्नेछ। यसरी वर्गीकरण गर्न देहायका सामान्य आधार र क्षेत्रगत आधारलाई मापदण्डका रुपमा लिई आयोजनाको मूल्याङ्कन गर्नु पर्नेछः

**१५.१ विकासका कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणः** विकासका कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्न देहाय बमोजिमका आधार तथा मापदण्ड र अंकभारका आधारमा आयोजनाको मूल्याङ्कन गर्नु पर्नेछ।

**(क) सामान्य आधारहरू (६५)**

| क्र.सं. | मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | | |
|---|---|---|---|---|---|
| | | प्रत्यक्ष र उल्लेखनीय (१) | अप्रत्यक्ष र उल्लेखनीय (०.६७) | न्यून वा सामान्य (०.३३) | योगदान नपुर्याउने (०) |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान (१५) | | | | |
| २. | दिगो विकासका लक्ष्य १ र ८ को प्राप्तिमा योगदान (१५) | | | | |
| ३. | नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, स्थानीय तह वा प्रदेश वा निजी क्षेत्र मध्ये कुनै एकको सहभागिता (५) | | | | |
| ४. | समावेशीकरणमा योगदान (१०) | | | | |
| | क. क्षेत्रीय समावेशीकरणमा योगदान (HDI मा तल देखि १९ औ स्थान सम्मका जिल्ला प्रत्यक्ष र उल्लेखनीय, २०-३८ औ स्थान सम्मका जिल्ला अप्रत्यक्ष र उल्लेखनीय, ३९-५७ औ स्थान सम्मका जिल्ला न्यून वा सामान्य र ५८ औ भन्दा माथिका स्थानका जिल्ला योगदान नपुर्याउने) (५) | | | | |
| | ख. समाजिक समावेशीकरण र लैङ्गिक मूल प्रभाहीकरण (SDG-5) मा योगदान (५) | | | | |
| ५. | आयोजना समयमै सम्पन्न गर्नमा योगदान (२०) | | | | |
| | क चालु आयोजना (आयोजनाको औसत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत भन्दा बढी भएको भए प्रत्यक्ष र उल्लेखनीय, ६५-८० प्रतिशत भए अप्रत्यक्ष र उल्लेखनीय, ५०-६५ प्रतिशत भए सामान्य वा न्यून र ५० प्रतिशत भन्दा कम भए योगदान नपुर्याउने) (१०) | | | | |
| | ख. नयाँ आयोजना (कार्यान्वयनको तयारी पूरा भएको भए प्रत्यक्ष र उल्लेखनीय, अन्तिम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चरणमा रहेको भए अप्रत्यक्ष र उल्लेखनीय, भइरहेको भए सामान्य वा न्यून र नभएको भए योगदान नपुर्याउने) (१०) | | | | |
| जम्मा | | | | | |
| कुल जम्मा | | | | | |

**ख. क्षेत्रगत आधार (३५)**

| क्र.सं. | मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | | |
|---|---|---|---|---|---|
| | | प्रत्यक्ष र उल्लेखनीय (१) | अप्रत्यक्ष र उल्लेखनीय (०.६७) | न्यून वा सामान्य (०.३३) | योगदान नपुर्याउने (०) |
| १. | आर्थिक क्षेत्र | | | | |
| | क. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान (२०) | | | | |
| | ख. दिगो विकासको क्षेत्रगत लक्ष्य (SDG-9, SDG-12) प्राप्तिमा योगदान (१५) | | | | |
| २. | सामाजिक क्षेत्र | | | | |
| | क. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान (२०) | | | | |
| | ख. दिगो विकासको क्षेत्रगत लक्ष्य (SDG-3, SDG-4, SDG-5, SDG-6, SDG-10) प्राप्तिमा योगदान (१५) | | | | |
| ३. | पूर्वाधार | | | | |
| | क. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान (२०) | | | | |
| | ख. दिगो विकासको क्षेत्रगत लक्ष्य (SDG-7, SDG-9, SDG-11, SDG-13) प्राप्तिमा योगदान (१५) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | लोकतन्त्र र सुशासन | | | | |
| | क. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान (२०) | | | | |
| | ख. दिगो विकासको क्षेत्रगत लक्ष्य (SDG-16, SDG-17) प्राप्तिमा योगदान (१५) | | | | |
| ५. | अन्तर्सम्बन्धित विषय | | | | |
| | क. चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान (२०) | | | | |
| | ख. दिगो विकासको क्षेत्रगत लक्ष्य (SDG-1, SDG-2, SDG-8, SDG-12, SDG-15) प्राप्तिमा योगदान (१५) | | | | |
| जम्मा | | | | | |
| कुल जम्मा | | | | | |

ग. **प्राथमिकीकरणको विधिः** विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका लागि उल्लिखित तालिकामा दिइएका आधारहरुको मूल्याङ्कनबाट देखिए अनुरुपको मापदण्ड र अंकभारको बाकसमा ठिक चिन्ह (√) लगाउनु पर्नेछ। यसरी सामान्य आधार र क्षेत्रगत आधार दुबैको मूल्याङ्कन गरी प्राप्त भएको अंकको कुल योग ८० वा सो भन्दा माथि हुने आयोजनालाई पहिलो प्राथमिकताको आयोजना (P1) र अन्य आयोजनालाई दोस्रो प्राथमिकताको आयोजना (P2) मानिनेछ।

### १५.२ साधारण बजेटको प्राथमिकीकरण

साधारण बजेटलाई देहायका पाँचवटा आधारमा भारित अंक प्रदान गरी कुल २० वा सो भन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताको आयोजना (P1) र अन्य आयोजनालाई दोस्रो प्राथमिकताको आयोजना (P2) मानिनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | | |
|---|---|---|---|---|---|
| | | प्रत्यक्ष र उल्लेखनीय (१) | अप्रत्यक्ष र उल्लेखनीय (०.६७) | न्यून वा सामान्य (०.३३) | योगदान नपुर्याउने (०) |
| १ | जनतालाई प्रत्यक्ष सेवा प्रवाहमा योगदान पुर्याउने (५) | | | | |
| २ | सुशासन कायम गर्न योगदान पुऱ्याउने (५) | | | | |
| ३ | राजश्व वृद्धि गर्न योगदान पुर्याउने (५) | | | | |
| ४ | विकास कार्यमा योगदान पुऱ्याउने (५) | | | | |
| ५ | मानव संसाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने (५) | | | | |
| | जम्मा | | | | |

**१५.३ आयोजना मूल्याङ्कनको विधिः** उल्लिखित आधार तथा मापदण्ड बमोजिम आयोजना मूल्याङ्कन गरी प्राथमिकीकरण गर्न निम्नानुसारको विधि प्रयोग गर्नु पर्नेछः

| क्र.सं. | आधार | मापदण्ड |
|---|---|---|
| १. | प्रत्यक्ष तथा उल्लेखनीय योगदान पुर्याउने | तोकिएको विषय वा लक्ष्य प्राप्तिमा प्रत्यक्ष रूपमा योगदान (Direct Contribution) पुर्याउने र यसरी प्रत्यक्ष योगदान पुर्याउने क्रियाकलापमा ५० प्रतिशतभन्दा बढी रकम विनियोजन गरिएको |
| २. | अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुर्याउने | तोकिएको विषय वा लक्ष्य प्राप्तिमा अप्रत्यक्ष रूपमा योगदान (Direct Contribution) पुर्याउने र यसरी अप्रत्यक्ष योगदान पुर्याउने क्रियाकलापमा ५० प्रतिशतभन्दा बढी रकम विनियोजन गरिएको |
| ३. | सामान्य योगदान | तोकिएको विषय वा लक्ष्य प्राप्तिमा न्यून मात्रामा मात्र प्रत्यक्ष वा अप्रत्यक्ष योगदान पुऱ्याउने र यसरी योगदान पुर्याउने क्रियाकलापमा न्यूनतम १० देखि ४९ प्रतिशत सम्म रकम विनियोजन गरिएको |

| | | |
|---|---|---|
| ४. | न्यून योगदान | तोकिएको विषय वा लक्ष्य प्राप्तिमा नगन्य वा शून्य मात्रामा योगदान पुर्याउने र त्यस्तो योगदान पुर्याउने क्रियाकलापमा १० प्रतिशत भन्दा कम रकम विनियोजन गरिएको |

१६. **बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने आधारः** (१) स्रोतको अनुमानका आधारमा तयार गरिएको सम्बन्धित मन्त्रालय वा निकायको स्रोत सीमा र बजेट तर्जुमा मार्गदर्शनका आधारमा मध्यमकालीन खर्च संरचनामा प्राथमिकीकरण सहित समावेश गरिएका नयाँ आयोजना र क्रमागत आयोजनाको आगामि आर्थिक वर्षका लागि अनुमान गरिएको लागत अनुसार विस्तृत क्रियाकलाप र प्रत्येक क्रियाकलापको वस्तुगत एवम् यथार्थपरक लागत अनुमानमा आधारित रहेर वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु पर्नेछ।

(२) यसरी वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा पहिलो प्राथमिकताक्रममा परेका आयोजनाका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरी प्रस्ताव गर्नु पर्नेछ।

१७. **बजेट तथा कार्यक्रम छलफलका आधार तथा प्रकृयाः** (१) सम्बन्धित मन्त्रालय वा निकायले प्रस्ताव गरेको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा राष्ट्रिय योजना आयोगमा नीतिगत एवम् सैद्धान्तिक छलफल गर्दा देहायका विषयमा आधारित भई गर्नुपर्नेछः

(क) आयोजना तथा कार्यक्रमको मध्यमकालीन खर्च संरचनासँगको तादम्यता,

(ख) आयोजना तथा कार्यक्रमको चालु आवधिक योजनाका समष्टिगत एवम् क्षेत्रगत लक्ष्य तथा उद्देश्य, प्राथमिकता, रणनीति र नतिजा खाकासँगको तादम्यता,

(ग) दिगो विकास लक्ष्य तथा अन्य विषय क्षेत्रगत अन्तर्राष्ट्रिय लक्ष्य एवम् प्रतिवद्धताहरुसँगको तादात्म्यता,

(घ) क्षेत्रगत दिर्घकालीन तथा मध्यमकालीन गुरुयोजना, रणनीति, सोचपत्र, कार्ययोजना आदिका लक्ष्य तथा उद्देश्यसँगको तादात्म्यता,

(ङ) संविधानका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको कार्यान्वयनमा पुर्याउने योगदान,

(च) क्षेत्रगत नीति तथा रणनीतिहरुको कार्यान्वयनमा पुर्याउने योगदान,

(छ) अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा समझदारीहरुको कार्यान्वयनमा पुर्याउने योगदान,

(ज) विकासमा क्षेत्रीय सन्तुलन, स्रोतसाधनको वितरणमा समानता र न्याय तथा वित्तीय संघीयताको मर्म तथा सिद्धान्त अनुरुपता,

(झ) आयोजना वर्गीकरणको आधार तथा मापदण्डसँगको तादात्म्यता,

(ञ) आयोजनाको लेखाजोखा र आयोजना बैंकमा प्रविष्टिको अवस्था,

(ट) गरिबी, जलवायु परिवर्तन, लैङ्गिक उत्तरदायी, दिगो विकास लगायतका बजेट साङ्केतीकरण।

(२) राष्ट्रिय योजना आयोगमा नीतिगत तथा सैद्धान्तिक छलफल भई तयार भएको प्रतिवेदन समेतका आधारमा अर्थ मन्त्रालयमा राष्ट्रिय योजना आयोगको समेत उपस्थितिमा वार्षिक बजेट तथा कार्यक्रममा विस्तृत छलफल गरी आयोजना, क्रियाकलाप र विनियोजनलाई अन्तिम रुप दिई मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणालीमा अन्तिम प्रविष्टि गर्नु पर्नेछ।

**१८. अधुरा आयोजनाको पुनःमूल्याङ्कनः** (१) आयोजनाको स्वीकृति गर्दा प्रस्ताव गरिएको सम्पन्न गर्ने समय अवधि समापन भइसकेका आयोजनालाई निरन्तरता दिने वा नदिने प्रयोजनका लागि त्यस्ता आयोजना पुनःमूल्याङ्कन गर्न देहायका मापदण्ड अवलम्वन गरिनेछः

| क्र.सं. | मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | आयोजनाको भौतिक प्रगति | ६० प्रतिशत वा सो भन्दा बढी — १ अंक,<br>४० - ५९ प्रतिशत - ०.६७ अंक,<br>२० - ३९ प्रतिशत - ०.३३ अंक<br>२० प्रतिशत भन्दा कम — ० अंक | |
| २. | आयोजनाको बाँकि काम सम्पन्न हुन लाग्ने अनुमानित समय (आयोजनाको सुरु अनुमानित अवधिको प्रतिशत) | २० प्रतिशत भन्दा कम — १ अंक<br>२० - ३९ प्रतिशत - ०.६७ अंक<br>४० - ५९ प्रतिशत - ०.३३ अंक<br>६० प्रतिशत वा सो भन्दा बढी — ० अंक | |
| ३. | बढेको लागतको तुलनामा आयोजनाको अपेक्षित लाभको मात्रा (लाभ-लागत अनुपात) | १ भन्दा बढी — १ अंक<br>१ भए — ०.५ अंक<br>१ भन्दा कम — ० अंक | |
| ४. | वर्तमान समयमा आयोजनाको सान्दर्भिकता तथा उपयुक्तता | प्राविधिक रुपले उपयुक्त र मागको अवस्था यथावत् रहेको र आयोजनाको विकल्प उपलब्ध नरहेको — १ अंक<br><br>प्रविधिक रुपले उपयुक्त र मागको अवस्था यथावत् रहेको र आयोजनाको विकल्प उपलब्ध रहेको — ०.५ अंक<br><br>अन्य अवस्थाको — ० अंक | |
| जम्मा | | | |

(२) कुनै पनि अधुरा आयोजनाले निरन्तरता पाउन उपर्युक्तानुसार पुनःमूल्याङ्कन गर्दा न्यूनतम २.५ वा सो भन्दा बढी अंक प्राप्त गर्नु पर्नेछ।



नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

## खण्ड ङ
## आयोजना विश्लेषणका विधि तथा सूत्र

१९. **आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषणका विधि:** (१) आयोजनाको आर्थिक तथा वित्तीय विश्लेषण गर्न देहायका सूत्रहरुको प्रयोग गर्नु पर्नेछ:

**क. खुद वर्तमान मूल्य (Net Present Value, NPV)**

खुद वर्तमान मूल्यको हिसाब गर्न देहायको सूत्र प्रयोग गर्नु पर्नेछ:

$$NPV = \sum_{t=0}^{N} \left(\frac{P_t}{(1+i)^t}\right) - C$$

Where,

Pt= Cash flow during a period t

i= discount rate

t= Time period

C= Initial investment

Decision Criteria: if NPV>0, project is feasible else, project is not feasible

**ख. लाभ-लागत अनुपात (Benefit cost Ratio)**

लागत-लाभ अनुपात हिसाब गर्न देहायको सूत्र प्रयोग गर्नु पर्नेछ·

$$B/C\ Ratio = \frac{Present\ value\ of\ expected\ benefit}{Present\ value\ of\ expected\ cost}$$

$$\text{Where, present value of expected benefit (B)} = \sum_{n=1}^{N} \frac{B_n}{(1+i)^n}$$

$B_n$ = Expected Benefit during particular period of time

$$\text{Where, Present value of expected cost (C)} = \sum_{n=1}^{N} \frac{C_n}{(1+i)^n}$$

$C_n$ = Expected Cost during particular period of time

If B/C > 1 the project is feasible else, project is not feasible

**ग. आन्तरिक प्रतिफल दर (Internal Rate of Return):**

आन्तरिक प्रतिफल दर हिसाब गर्न खुद वर्तमान मूल्यकै सूत्रमा खुद वर्तमान मूल्य (NPV) लाई शून्य (०) मानि देहाय अनुसारको सुत्र प्रयोग गर्नु पर्नेछ:

$$Rs. 0 = \sum_{t=0}^{N} \left( \frac{P_t}{(1 + IRR)^t} \right) - C$$

Decision Criteria: If IRR>Minimum Attractive Rate of Return, the project is feasible.

(२) उपर्युक्तानुसार सम्भाव्य नदेखिएका आयोजना समेत कार्यान्वयन गर्नुपर्ने भए सम्बन्धित मन्त्रालय वा निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्नु पर्नाको कारण सहितको पुष्ट्याइँ पेश गर्नु पर्ने छ।

२०. आयोजनाको लैङ्गिक तथा सामाजिक समावेशी विश्लेषणको विधिः

| क्र.स. | मूल्याङ्कनका आधार | मापदण्ड | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | आयोजनासँग सम्बन्धित लैङ्गिक उत्तरदायी सूचकहरु, लक्ष्यहरु र बेसलाईन सर्भेबाट प्राप्त तथ्याङ्कको विश्लेषण | गरिएको भए- १ अंक<br>आंशिक रुपमा गरिएको भए- ०.५ अंक<br>नगरिएको भए- ० अंक | |
| २. | आयोजनाको विषय क्षेत्रमा रहेका लैङ्गिक विभेदका सूचकहरुको अवस्थाको विश्लेषण | गरिएको भए- १ अंक<br>आंशिक रुपमा गरिएको भए- ०.५ अंक<br>नगरिएको भए- ० अंक | |
| ३. | आयोजनासँग सम्बन्धित क्रियाकलाप वा सोबाट प्राप्त प्रतिफलबाट स्वास्थ्य सेवा, कृषि, बजार तथा शिक्षा आदिमा पहुँचको लैङ्गिक सम्बन्धको विश्लेषण | गरिएको भए- १ अंक<br>आंशिक रुपमा गरिएको भए- ०.५ अंक<br>नगरिएको भए- ० अंक | |
| ४. | आवश्यक लैङ्गिक कार्यक्रम तथा क्रियाकलापका लागि पर्याप्त बजेटको सुनिश्चितता | गरिएको भए- १ अंक<br>आंशिक रुपमा गरिएको भए- ०.५ अंक<br>नगरिएको भए- ० अंक | |
| ५. | प्रस्तावित आयोजनाको तर्जुमा र कार्यान्वयनमा महिला, अल्पसंख्यक र लक्षित समुदायलाई समावेश | गरिएको भए- १ अंक<br>आंशिक रुपमा भएको भए- ०.५ अंक<br>नगरिएको भए- ० अंक | |
| ६. | वञ्चितिमा परेका महिला र पुरुष दुवैको पहुँच सुनिश्चत हुने गरी आयोजना तर्जुमा, कार्यान्वयनमा र लाभको वितरणमा उनीहरुको सहभागिता | महिला र पुरुषको समान सहभागितासहित १०% वा सो माथि सहभागिता भए- १ अंक<br>१०% भन्दा बढी सहभागिता भए पनि महिला र पुरुषको समान सहभागिता नभएको वा ५-९% सहभागिता भए- ०.५ अंक<br>५% भन्दा कम सहभागिता भए- ० अंक | |
| ७. | आयोजनामा संलग्न कर्मचारी, व्यवस्थापन अधिकारी र सञ्चालक (व्यवस्थापन समिति, उपभोक्ता समिति आदि) हरुलाई लैङ्गिक सवाल सम्बन्धी तालिमको व्यवस्था | गरिएको भए- १ अंक<br>गरिएको तर पर्याप्त नभए- ०.५<br>नगरिएको भए- ० अंक | |

| क्र.स. | मूल्याङ्कनका आधार | मापदण्ड | प्राप्ताङ्क |
|---|---|---|---|
| ८. | आयोजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन र सञ्चालनमा संलग्न व्यक्तिहरुको लैङ्गिक सन्तुलनको अवस्था | ३३% वा सो भन्दा बढी महिला भए-१ अंक<br>२५-३२% महिला भए- ०.८ अंक<br>१०-२४% महिला भए- ०.५ अंक<br>१०% भन्दा कम महिला भए- ० अंक | |
| ९. | आयोजना अनुगमन तथा मूल्याङ्कनको आधारका रुपमा लैङ्गिक सवालको समावेश | समावेश भएको भए- १ अंक<br>भएको तर पर्याप्त नभएको भए- ०.५ अङ्क<br>समावेश नभएको भए- ० अंक | |
| १०. | आयोजना तर्जुमा, लेखाजोखा र मूल्याङ्कनमा लैङ्गिक सवाल सम्बन्धी विज्ञको संलग्नता | समावेश भएको- १ अंक<br>भएको तर पर्याप्त नभएको भए- ०.५ अङ्क<br>समावेश नभएको- ० अंक | |
| जम्मा | | | |

**निर्णयको मापदण्डः** उल्लिखित तालिकामा दिइएका मापदण्ड अनुरुप कुल अंक १० मा ६ वा सो भन्दा बढी अंक प्राप्त गरेका आयोजनालाई लैङ्गिक तथा सामाजिक समावेशी हिसाबले कार्यान्वयन योग्य मानिनेछ।

## २१. आयोजनाको वातावरणीय प्रभाव विश्लेषणको आधार तथा मापदण्ड

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| **क. सडक** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| **२. भौतिक विषय** | | | |
| २.१ अत्यधिक माटो अथवा चट्टानको उत्खननबाट प्राकृतिक दृष्यमा नोक्सान पुर्याउछ? | | | |
| २.२ सडक निर्माणको कारणबाट बाढीको सम्भावना छ? | | | |
| २.३ सडक निर्माणले ढल निकासमा परिवर्तन ल्याउछ? | | | |
| २.४ वरिपरिको सार्वजनिक जग्गा अतिक्रमण हुने सम्भावना छ? | | | |
| २.५ मौजुदा सार्वजनिक संरचना हटाउनु पर्ने वा नष्ट गर्नु पर्ने हुन्छ? | | | |
| २.७ सार्वजनिक सुविधाको स्थान परिवर्तन अथवा पुनर्स्थापना गर्नु पर्छ? | | | |
| २.८ सो क्षेत्रको विद्यमान सिंचाई प्रणालीलाई नोक्सानी पुर्याउछ? | | | |
| २.९ खानेपानीको लाइन वितरण प्रणाली प्रभावित हुन्छ? | | | |
| **३. जैविक विषय** | | | |
| ३.१ वन क्षेत्रको रुख फडानी गर्नु पर्ने छ? | | | |
| ३.२ नेपाल सरकार, CITES अथवा IUCN को सूचीमा परेका संरक्षित प्रजातीमा नोक्सानी पुग्छ? | | | |
| ३.३ माछा तथा अन्य जलचर लगायतका जैविक विविधतामा नोक्सानी पुग्छ? | | | |
| ३.४ वन्यजन्तु तथा चराचुरुङ्गीको वासस्थानमा असर पर्छ? | | | |
| ३.५ वन्यजन्तु सडक दुर्घटनामा पर्ने सम्भावना छ? | | | |
| **ख. सिंचाई** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घना बस्ती छ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| **२. भौतिक विषय** | | | |
| २.१ माटो कटानलाई बढावा दिन्छ? | | | |
| २.३ आयोजनाले भिरालो जग्गालाई अस्थिर बनाउला? | | | |
| २.४ सिचाई आयोजनाले डाइभर्सनको तल्लो भागमा नदि प्रवाह (पानिको मात्रा) मा परिवर्तन ल्याउला? | | | |
| २.५ कृषि रसायनको प्रयोगको वृद्धिबाट सतह र भूमिगत पानी प्रदुषित हुने सम्भावना छ? | | | |
| २.६ जलाशय रहेको माथिल्लो तटमा विकास क्रियाकलापको कारणबाट नदिको निवेनी भार वहनमा असर पार्छ? | | | |
| २.७ पानीको प्रवाहको कारणबाट जोडिएको क्षेत्र सुक्ष्म हावापानीमा परिवर्तन ल्याउँछ? | | | |
| २.८ आयोजना क्षेत्रमा पानीको गति र लवणतामा वृद्धि ल्याउँछ? | | | |
| **३. जैविक विषय** | | | |
| ३.१ निर्माण स्थल खाली बनाउने क्रममा डाइभर्सन/सडक/नहर छेउमा वनस्पतिको नोक्सानी त हुदैंन ? | | | |
| ३.२ आयोजनाले जलचरको जीवनमा उल्लेखनीय प्रभाव पार्छ? | | | |
| ३.३ आयोजनाले जलचरको आवागमनमा व्यवधान पुयाउछ? | | | |
| ३.४ वन्यजन्तु र पन्छीको गैर कानूनी शिकारमा वृद्धि हुन्छ ? | | | |
| ३.५ आयोजना क्षेत्रमा विद्यमान स्थानीय जल प्रणालीका रुख बिरुवा मर्न तथा सड्न गई जलचरमा अक्सिजनको कमी त हुदैन? | | | |
| ३.६ आयोजनाको कारणबाट उक्त क्षेत्रमा माछा मारेर शिकार गर्ने काममा वृद्धि आउला ? | | | |
| ३.७ नदी पीधंका सामग्री हटाएको कारणबाट जलचरको खाना खुवाउने, बासस्थान तथा फुल पार्ने स्थानमा क्षति पुर्याउला? | | | |
| ३.८ आयोजनाले लामो र मध्यमदुरीमा बसाई सर्ने जलचर तथा बासस्थान प्रणालीमा असर पुर्याउछ? | | | |
| ३.९ आयोजनाले स्थानीय जनताको रोजगारीको अवसरमा कटौती गर्छ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| ३.१० आयोजनाले मछुवाको जीवनशैलीमा प्रतिकुल प्रभाव पार्ला? | | | |
| ३.११ आयोजनाको कारण मानिसका लागि पुनर्वास आवश्यक पर्ला? | | | |
| ३.१२ आयोजनाले अतिरिक्त सामुदायिक पूर्वाधारको माग गर्ला? | | | |
| ३.१३ आयोजनाबाट जनस्वस्थ्यमा प्रतिकुल प्रभाव पर्न सक्छ? | | | |
| ३.१४ आयोजनाबाट पेशागत दुर्घटनामा वृद्धि होला? | | | |
| ३.१५ आयोजनाले जग्गाको मूल्यमा प्रत्यक्ष प्रभाव पार्ला? | | | |
| ३.१६ आयोजनाका विभिन्न तत्त्वबाट स्थानीय क्षेत्रको जग्गाको उत्पादकत्वमा ह्रास आउला? | | | |
| ३.१७ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणमा प्रतिकुल प्रभाव पार्छ? | | | |
| **ग. पर्यटन** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| **२. भौतिक विषय** | | | |
| २.१ होटल, रेस्टुरेण्ट, पिकनिक स्थल आदिको स्थापनाबाट जग्गा प्रयोगको ढाँचामा परिवर्तन होला? | | | |
| २.२ उपलब्ध साधनको प्रयोगमा वृद्धि गराउँदैन? | | | |
| २.३ फोहोर मैलाको समस्या बढ्छ? | | | |
| २ ४ पानी प्रदूषण बढाउँछ?<br>२.५ विभिन्न पूर्वाधारको निर्माणबाट माटो कटान वृद्धि हुन्छ? | | | |
| **३. जैविक विषय** | | | |
| ३.१ वन्यजन्तुको शिकारमा वृद्धि हुने सम्भावना छ? | | | |
| ३.२ वन्यजन्तुको प्राकृतिक वासस्थानमा असर गर्छ? | | | |
| **घ. जलविद्युत्** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| २. **भौतिक विषय** | | | |
| २.१ कृषियोग्य भूमिको नोक्सानी होला? | | | |
| २.२ बाँध निर्माणस्थलमा आकृतिमूलक परिवर्तन होला? | | | |
| २.३ बाँध निर्माण स्थलमा जलवायु परिवर्तन होला? | | | |
| २.४ बाँध र टेलरेसको बीचमा आकृतिमूलक परिवर्तन होला?<br>२.५ जलाशय क्षेत्रमा सुक्ष्म हावापानी र मौसमको ढाँचामा परिवर्तन आउला? | | | |
| २.६ पहुँच सडक करिडोर/विद्युत गृह/बांध निर्माण/फोहोर मैला विसर्जन स्थलमा माटो कटान तथा थिग्रो थुप्रिन्छ? | | | |
| २.७ आयोजना करिडोर क्षेत्रमा वायु प्रदूषण बढ्छ? | | | |
| २.८ पानी विसर्जनबाट पानी प्रदूषण हुने सम्भावना छ? | | | |
| २.९ यान्त्रिक कार्यशाला र इन्धन डिपोबाट भएको विसर्जनबाट पानी प्रदूषण हुने सम्भावना छ? | | | |
| २.१० आयोजना क्षेत्रमा ध्वनी प्रदूषण बढ्छ? | | | |
| २.११ आयोजना क्षेत्रमा कम्पन आउला? | | | |
| २.१२ ऋतु अनुसारको पानीको प्रवाहमा परिवर्तन ल्याउछ? | | | |
| २.१३ नदीको पानीको गुणस्तरमा परिवर्तन ल्याउछ? | | | |
| २.१४ नदीको पीधमा ह्रास आउने सम्भावना छ? | | | |
| २.१५ बाढीको प्रकोप बढ्ने सम्भावना छ? | | | |
| २.१६ जलासयको तटीय भागमा पहिरो जाने सम्भावना छ? | | | |
| २.१७ पानीको गुणस्तरमा परिवर्तन आउला कि? | | | |
| २.१८ मूलबाट आउने पानीको स्रोत लोप हुने सम्भावना छ? | | | |
| ३. **जैविक विषय** | | | |
| ३.१ उत्खनन स्थल, फोहोर विसर्जन स्थल तथा विद्युत गृहमा भएको क्षतिको परिणाम स्वरूप वनस्पतिमा नोक्सानी हुन्छ? | | | |
| ३.२ वनस्पति फडानीबाट जैविक विविधता एवं आनुवांशिक विविधतामा नोक्सानी हुन्छ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| ३.३ आयोजना स्थापनाको कारणबाट स्थलचर जीवजन्तु र तिनको वासस्थानमा प्रत्यक्ष असर पर्छ? | | | |
| ३.४ पानी मनपराउने पक्षी जीवजन्तुलाई असर पर्छ? | | | |
| ३.५ नदी पींधबाट सामग्री निकाल्दा जलचरको पानी, खाना र वासस्थानमा क्षति पुग्छ? | | | |
| ३.६ फोहोर मैला तथा अन्य वस्तु विसर्जनबाट पानीको गुणस्तरमा परिवर्तन भई जलचरलाई क्षति पुग्छ? | | | |
| ३.७ नदिका जलचरको पारिस्थितिक प्रणालीमा खण्डीकरण भई विभिन्न भागमा विभाजन हुन्छ? | | | |
| ३.८ लामो र मध्यम दूरीमा बसाई सर्ने जीवजन्तुलाई असर पर्छ? | | | |
| ३.९ पानी बन्द गरिएको खण्ड र टेलरेसको आउटलेटमा बढी माछा मार्ने काम होला? | | | |
| **ङ. भौतिक संरचना (शिक्षा, खेलकुद, घरेलु उद्योग, भौतिक विकास, सिनेमा हल, पुस्तकालय आदि)** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोण बाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जंगल क्षेत्र, ऐतिहासिक हिसावबाट महत्वपूर्ण स्थल, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| **२. भौतिक विषय** | | | |
| २.१ जग्गा प्राप्त गर्न आवश्यक छ? | | | |
| २.२ अत्यधिक माटो अथवा चट्टानको उत्खननबाट प्राकृतिक दृश्यमा नोक्सान पुर्याउछ? | | | |
| २.३ उक्त क्षेत्रको ढल निकासमा परिवर्तन ल्याउछ? | | | |
| २.४ वरिपरिको जग्गा अतिक्रमण हुन्छ? | | | |
| २.५ सार्वजनिक संरचना हटाउन वा नष्ट गर्नु पर्छ? | | | |
| २.६ सडेगलेका वस्तु व्यवस्थापनमा समस्या पर्छ? | | | |
| २.७ सार्वजनिक सुविधाको स्थान परिवर्तन अथवा पुनर्स्थापन हुन्छ? | | | |
| २.८ उक्त क्षेत्रको विद्यमान सिंचाई प्रणालीलाई नोक्सानी पुर्याउछ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| २.९ प्रस्तावित सडकसँग खानेपानीको लाइन वितरणबाट समस्या उत्पन्न हुन्छ? | | | |
| ३. जैविक विषय | | | |
| ३.१ रुख फडानिबाट वन क्षेत्रको नोक्सानी हुन्छ? | | | |
| ३.२ नेपाल सरकार, CITES अथवा IUCN को सूचीमा परेका संरक्षित प्रजातीमा नोक्सानी पुग्छ? | | | |
| ३.३ माछा तथा अन्य जलचर लगायतका जैविक विविधतामा नोक्सानी पुग्छ? | | | |
| ३.४ वन्यजन्तु /पन्छीको वासस्थानमा नकारात्मक असर पर्छ? | | | |
| ३.५ वन्यजन्तु तथा पन्छीको अवैध शिकारमा वृद्धि हुन्छ? | | | |
| ३.६ सामुदायिक सरकारी, कबुलियती, धार्मिक तथा नीजि वनलाई नकारात्मक प्रभाव पार्छ? | | | |
| **च. खानेपानी** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| २. **भौतिक विषय** | | | |
| २.१ पानीको मुहान भन्दा माथिल्लो क्षेत्रका समुदाय, उद्योग, कृषि तथा माटो कटानबाट निष्काशन हुने फोहोर पानीबाट पानीको आपूर्तिमा प्रदूषण भएको छ? | | | |
| २.२ भूमिगत पानी अधिक मात्रामा निकाल्दाको परिणाम स्वरुप जमिन भासिने खतरा छ? | | | |
| २.३ असमान ढङ्गले पानी आपूर्ति हुने संभावना छ? | | | |
| २.४ वितरण प्रणालीमा असुरक्षित पानी वितरण हुने संभावना छ? | | | |
| २.५ नाला तथा ट्याङ्कीको यथेष्ट संरक्षण नहुँदा पानी प्रदूषित हुने संभावना छ? | | | |
| २.६ सडेगलेका वस्तु व्यवस्थापनबाट समस्या हुने संभावना छ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| २.७ पानी निकाल्ने तथा प्रशोधन यन्त्रको वरिपरि ध्वनी र अरु सम्भावित प्रदूषण हटाउन मध्यवर्ती क्षेत्रको कमि छ? | | | |
| २.८ लाइन वितरण र पहुँच मार्गको कारणबाट हानी नोक्सानी हुने संभावना छ? | | | |
| २.९ पानीको आपूर्ति बढेको कारणबाट ढलको प्रवाहमा वृद्धि हुने संभावना छ? | | | |
| २.१० पकाउने र धुने कामबाट निस्कने फोहरको मात्रा तथा फोहोर पानी प्रशोधन यन्त्रबाट निस्कने फोहर हिलोको मात्रा बढ्ने संभावना छ? | | | |
| **३. जैविक विषय** | | | |
| ३.१ रुख कटानीबाट वन क्षेत्रको नोक्सानी हुने संभावना छ? | | | |
| ३.२ नेपाल सरकार CITES अथवा IUCN को संरक्षित सचिमा परेका संरक्षित प्रजातीमा नोक्सानी हुने संभावना छ? | | | |
| ३.३ माछा तथा अन्य जलचर लगायतका पानीमा रहने जैविक विविधतामा नोक्सानी हुने संभावना छ? | | | |
| ३.४ वन्यजन्तु र चराचुरुङ्गीको वासस्थानमा असर पर्ने संभावना छ? | | | |
| ३.५ संचित जलाशयमा अत्यधिक Algal वृद्धि हुने संभावना छ? | | | |
| ३.६ सामुदायिक, सरकारी, कबुलियती, धार्मिक तथा निजी बनलाई नकारात्मक प्रभाव पर्ने संभावना छ? | | | |
| **छ. स्वास्थ्य** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| **२. भौतिक विषय** | | | |
| २.१ के सहायक आयोजनाले स्थानीय स्थल आकृतिमा प्रभाव पार्छ? | | | |
| २.२ प्रमुख क्रियाकलाप/जमिनको प्रयोगको तरिकामा परिवर्तन आएको कारणबाट प्राकृतिक दृष्यमा कुनै व्यवधान पुर्याउछ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| २.३ उत्खनन, विभिन्न प्रकारका औजार एवं यन्त्रको संचालन जस्ता निर्माण क्रियाकलापको कारणबाट वायु तथा ध्वनी प्रदूषण बढ्छ? | | | |
| २.४ उत्खनन गरिएका सामग्रि व्यवस्थापनमा समस्या आउछ? | | | |
| २.५ आयोजनाले भिरालो जग्गामा अस्थिरता ल्याउछ? | | | |
| २.६ स्वास्थ्य संस्थाको स्थापनाको कारणबाट भूमिगत जलस्रोतमा प्रभाव पर्छ? | | | |
| २.७ हानीकारक फोहोर तथा हानिकारक नहुने फोहोरमैला जलाएको कारणबाट वायु प्रदूषण हुन्छ? | | | |
| २.८ आयोजनाले पानी प्रदूषित गराउँछ? (प्रयोगशालाबाट निष्काशन गरिएको फोहोर पानी, ढल आदि) | | | |
| २.९ सेप्टिट ट्याङ्क चुहिएको अवस्थामा भूमिगत पानी प्रदुषित हुने सम्भावना छ? | | | |
| **३. जैविक विषय** | | | |
| ३.१ आयोजनाले जीवजन्तु तथा वनस्पतिलाई असर पर्छ? | | | |
| ३.२ वन्यजन्तु चराचुरुङ्गीको बासस्थानमा नोक्सानी पर्छ? | | | |
| **ज. ल्यान्डफिल्ड साइट** | | | |
| **१. आयोजना स्थल** | | | |
| १.१ आयोजना स्थलमा घनाबस्ती छ? | | | |
| १.२ आयोजना स्थल वातावरणीय दृष्टिकोणबाट संवेदनशील क्षेत्र (सांस्कृतिक सम्पदा, आरक्षित क्षेत्र, सिमसार, आरक्षित क्षेत्रको मध्यवर्ती क्षेत्र, जैविक विविधता संरक्षणका लागि विशेष क्षेत्र) मा पर्छ? | | | |
| **२. भौतिक विषय** | | | |
| २.१ जग्गा प्राप्त गर्न आवश्यक छ? | | | |
| २.२ अत्यधिक माटो अथवा चट्टानको उत्खनन्बाट प्राकृतिक दृष्यमा नोक्सान पुर्याउछ? | | | |
| २.३ बगाईएको फोहोरमैलाको कारणबाट नजिकैको खोलो/भूमिगत पानीमा प्रदूषण हुन्छ? | | | |
| २.४ उक्त क्षेत्रको ढल निकासमा परिवर्तन ल्याउछ? | | | |
| २.५ वरिपरिको जग्गा अतिक्रमण हुन्छ? | | | |
| २.६ सार्वजनिक संरचना हटाउन आवश्यक पर्छ? | | | |

| मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | | |
|---|---|---|---|
| | छ/हो | | छैन/होइन (१) |
| | धेरै (०) | न्यून (०.२५) | |
| २.७ सार्वजनिक सुविधाको स्थान परिवर्तन अथवा पुनर्स्थापना हुन्छ? | | | |
| २.८ ल्याण्डफिल्ड साइटमा ग्यास विष्फोटको संभावना हुन्छ? | | | |
| २.९ खानीपानीको स्रोतमा प्रदूषण हुन्छ? | | | |
| २.१० फोहरमैला ओसार पसार गर्ने सवारी साधनबाट सडकमा सवारी साधानको वृद्धि हुन्छ? | | | |
| २.११ माटो तथा जमिन प्रदूषण हुन्छ? | | | |
| २.१२ उत्खनन् संचालनको कारणबाट कुनै नोक्सानी हुन्छ? | | | |
| २.१३ आयोजनाका कारण स्थानीय स्तरमा द्वन्द्व सिर्जना हुन्छ? | | | |
| **३. जैविक विषय** | | | |
| ३.१ रुख फडानीबाट बन क्षेत्रको नोक्सानी हुन्छ? | | | |
| ३.२ नेपाल सरकार, CITES अथवा IUCN को सूचीमा परेका संरक्षित प्रजातीमा नोक्सानी पुग्छ? | | | |
| ३.३ माछा तथा अन्य जलचर र जैविक विविधतामा नोक्सानी पुग्छ? | | | |
| ३.४ वन्यजन्तु/पन्छीको वासस्थानमा नकारात्मक असर पर्छ? | | | |
| ३.५ फोहर खाने पन्छीको संख्यामा वृद्धि हुन्छ? | | | |
| ३.६ सामुदायिक, सरकारी, कबुलियती, धार्मिक तथा निजी वनलाई नकारात्मक प्रभाव पार्छ? | | | |
| ३.७ पन्छी, स्तनधारी जनावर र अन्य वन्यजस्तुको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ? | | | |
| ३.८ संभावित पानी तथा माटो प्रदूषणबाट घरपालुवा जनावरको स्वास्थ्यमा समस्या आउछ? | | | |

**निर्णयको मापदण्डः** उल्लिखित तालिकामा दिइएका मापदण्ड अनुरुप कम्तिमा दुई तिहाई अंक (६६ प्रतिशत) प्राप्त गरेका आयोजनालाई वातावरणीय हिसाबले कार्यान्वयन योग्य मानिनेछ।

२२. आयोजनाको जलवायु प्रभाव तथा विपद् जोखिम विश्लेषण विधिः

| क्र.सं. | मूल्याङ्कनका आधार | मापदण्ड र अंकभार | |
|---|---|---|---|
| | | छ (१) | छैन (०) |
| १. | जलवायु प्रभाव तथा अनुकुलन सम्बन्धी अध्ययन गरी सो अनुरूप आयोजना विकास गरिएको र कार्यान्वयन हुने सुनिश्चित छ? | | |
| २. | आयोजना कार्यान्वयनमा जलवायु अनुकुलनका पर्याप्त कार्यहरु (Climate Actions) को व्यवस्था गरिएको र तिनीहरु उपयुक्त देखिन्छन्? | | |
| ३. | जलवायु अनुकुलन तथा प्रतिकार्य सम्बन्धी मौजुदा राष्ट्रिय नीति, योजना, मापदण्ड र कार्ययोजनाहरुसँग तादात्म्यता कायम गरिएको छ? | | |
| ४. | विपद् जोखिमको मूल्याङ्कन गरिएको छ? | | |
| ५. | विपद् जोखिम नक्साङ्कन गरिएको छ? | | |
| ६. | विपद् जोखिम न्यूनीकरणको योजना बनाइएको छ? | | |
| ७. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ? | | |
| ८. | आयोजनामा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक व्यवस्था (भू-क्षय नियन्त्रण, बाढी पहिरो रोकथाम, वृक्षारोपण, वन संरक्षण, नदी नियन्त्रण, टेवा पर्खाल, छेकबाँध आदि) गरिएको छ? | | |
| ९. | आयोजना स्थलमा कार्यस्थलजन्य जोखिम (आगलागी, भागदौड, विष्फोट, यान्त्रिक दुर्घटना आदि) न्यूनीकरणका उपाय अवलम्वन गरिएको छ? | | |
| १०. | पुनःनिर्माण र पुनःलाभ योजना बनाइएको र उपयुक्त छ? | | |

**निर्णयको मापदण्डः** उल्लिखित तालिकामा दिइएका मापदण्ड अनुरुप जलवायु प्रभाव तथा विपद् विश्लेषणमा कम्तिमा ७० प्रतिशत अंक प्राप्त गरेका आयोजनालाई कार्यान्वयन योग्य मानिनेछ।